अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्या : ०६ मिति : २०८२।०८।२३

## भाग-२

## अन्नपूर्ण गाउँपालिका

# विपन्न परिवारको लागि निजि आवास व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।०८।०९ गते

**प्रस्तावना :**

नेपालको संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्न तथा अन्नपूर्ण गाउँपालिका म्याग्दी भित्र बसोबास गर्ने विपन्न नागरिकहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासको लागि त्यस्ता विपन्न परिवारहरुको लागि सुरक्षित आवास व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०८० को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८२।०८।०९ गतेको बैठकबाट यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम " **विपन्न परिवारको लागि निजि आवास व्यवस्थापन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषाः-** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "आवास" भन्नाले कार्यक्रम निर्देशक समितिद्वारा स्वीकृत डिजाईन अनुसारका आवास/घर एकाई सम्झनुपर्छ ।

(ख) "आवास एकाई" भन्नाले एक लाभग्राही परिवारले पाउने घर सम्झनुपर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले नागरिकहरुका लागि विपन्न परिरवारको लागि निजि आवास व्यवस्थापन कार्यक्रमलाई सम्झनुपर्दछ ।यस शब्दले संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट गाउँपालिकाका नागरिकहरुका लागि आवास निर्माण गर्ने गरी प्रदान गरिने विशेष अनुदान वा छुट्टै कार्यविधि वा कानून वा सर्तहरु व्यवस्था नभएको गाउँपालिकाबाट कार्यन्वयन हुने गरी अनुदान सहितको कार्यक्रमलाई समेत जनाउने छ ।

(घ) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा १२ बमोजिमको समितिलाई जनाउनेछ ।

(ङ) "कार्यपालिका " भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाई सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपलिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(छ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही व्यक्तिहरुलाई सम्झनुपर्दछ ।

(ज) "लक्षितवर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका लक्षित वर्गलाई सम्झनुपर्दछ।

(झ) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका म्याग्दीलाई सम्झनुपर्दछ ।

(ञ) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ ।

(ट) "उपाध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँपालिका उपाध्यक्षलाई जनाउनेछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## लक्षित वर्गको पहिचान र कार्यक्रम सञ्चालन

**३. लक्षित वर्गको पहिचानः** (१) यस कार्यक्रमका लागि लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ ।

(क) प्राकृतिक प्रकोपहरु, भुकम्प, अविरल बर्षा, पहिरो, विद्युतिय आगलागी जस्ता आपतविपदबाट बासस्थान क्षति भएको व्यक्ति तथा अति विपन्न परिवार ।

(ख) विगत देखि गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्दै आएका बासिन्दा,

(ग) नेपाली नागरिक,

(घ) गाउँपालिका वा नेपाल सरकार वा प्रदेश सरकारलाई बुझाउनुपर्ने राजश्वहरु नियमित बुझाएको व्यक्ति,

(ङ) यस कार्यविधिले अनुदान पाउने भनी तोके बमोजिमको घरमा बसोबास गर्दै आएको र एकाघरको परिवारको सदस्यको नाममा अन्यत्र पक्की वा बस्न योग्य घर नभएको,

(च) अपाङ्गता भएका व्यक्ति, असहाय, सिमान्तकृत जाति, अल्पसंख्यक जाति वा दलित जातिमा सूचिकृत भएको जाति प्राथमिकतामा पर्ने,

(छ) स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको,

(ज) लाभग्राहीको नाममा जग्गाधनी प्रमाण पुर्जाको प्रमाणपत्र भएको, तर नेपाल सरकार, प्रदेश सरकार र अन्नपूर्ण गाउँपालिकाबाट सञ्चालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति यस कार्यक्रममा लाभग्राही हुन सक्ने छैनन् । नेपाल सरकारका निकाय, विद्यालय, स्वास्थ्य संस्था वा यस्तै सरकारी निकायको स्वामित्वको जग्गा अतिक्रमण गरी बसोबास गरेका व्यक्तिहरुलाई अतिक्रमित जग्गामा लाभग्राही कायम गर्न सकिने छैन ।

(झ) लाभग्राहीको नाममा कुनै जग्गा नभएको अवस्थामा निजको नाता सम्बन्ध भएको व्यक्ति वा अन्य कुनै जग्गादाताले भोगचलन गर्नको लागि मञ्जुरीनामा दिएमा उक्त परिवारलाई लाभग्राही कायम गर्न सकिनेछ ।

**४. लाभग्राही छनोट :**

(१) अन्नपूर्ण गाउँपालिका म्याग्दीमा बसोबास गर्ने बासिन्दाले आफू बस्ने घर प्राकृतिक प्रकोपबाट क्षति भएमा तथा अति विपन्न परिवारले आफु बस्ने घर बसोबास अनुपयुक्त भएमा विवरण खुलाएर वडा कार्यालयमा आवेदन दिनुपर्ने छ ।

(२) यदि उपदफा (१) बमोजिम वडा कार्यालयमा निवेदन दिन नसक्ने अशक्त, वृद्धवस्थामा पुगेको व्यक्तिहरु मात्र बस्ने घरमा क्षति भएमा सोही टोलमा बस्ने छिमेकीले उक्त परिवारको नाममा वडा कार्यालयलाई आवेदन पेश गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम आवेदन प्राप्त भएपछि आवेदन दिएको परिवारको स्थलगत सर्वेक्षण गरिनेछ र देहायको आधारमा छनोट गरिनेछ ।

(क) कार्यालयबाट सर्वेक्षण गर्दा निवेदक बसोबास गरिरहेको घरको बनौट अनुसार अनुसूची-१ बमोजिम दिइएको अङ्क बमोजिम **कार्यक्रम कार्यान्वयन इकाई** समेतको सहयोगमा वडागत लाभग्राही प्राथमिकताक्रम सूची तयार पारिनेछ । तर अनुसूची-१ को क्रम संख्या ४, ५ र ७ मा शुन्य वा कुनै अङ्क प्राप्त नगर्ने निवेदकलाई लाभग्राहीको रुपमा छनोट गरिने छैन ।

(ख) सबैभन्दा बढी अङ्क प्राप्त गर्ने परिवार देखि न्यूनतम ३५ अङ्क प्राप्त गर्ने परिवारलाई प्रारम्भिक लाभग्राही प्राथमिकता सूची तयार गरिने छ ।

(ग) खण्ड (ख) बमोजिमको प्राप्त प्रारम्भिक लाभग्राहीबाट व्यवस्थापन इकाईको सिफारिस समेतका आधारमा दफा १२ बमोजिमको समितिले लाभग्राही छनौट गरी कार्यपालिकामा अनुमोदन गराउनु पर्नेछ ।

(घ) खण्ड(ग) बमोजिम लाभग्राही छनौट गर्दा एकल महिला, अनाथ बालबालिका, वृद्ध तथा अपाङ्गता भएका घरमुलीलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

(ङ) सीमान्तकृत जाती, अल्पसंख्यक जाती वा दलित जातिमा सूचिकृत भएको जाती प्राथमिकतामा पर्नेछ ।

(च) उपदफा(१) बमोजिम छनोट गर्दा सगोलमा रहेका परिवारले एकमात्र आवास प्राप्त गर्ने छन् ।

**५. लाभग्राही सर्वेक्षण :**

(१) दफा ४ बमोजिम लाभग्राही छनोट भई स्वीकृत गर्दा कार्यालयले प्राविधिक सहितको ३ सदस्यीय एक वा एकभन्दा बढी सर्वेक्षण टोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण टोलीले निवेदन दिएका परिवारहरुको सर्वेक्षण दफा ४ बमोजिमका आधारमा गर्नुपर्नेछ । यस कार्यको लागि कार्यालयले दफा ४ बमोजिमको सूचना सङ्कलन हुने गरी फारम प्रयोग गर्न सक्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही सर्वेक्षण कार्यलाई पुष्टीकरण गर्न दफा १२ बमोजिमको समितिले पुरै वा नमुना सर्वेक्षण गर्न सक्नेछ ।

**६. लाभग्राहीको सूची प्रकाशन :**

दफा ५ बमोजिम सर्वेक्षण सम्पन्न भएको १५ दिन भित्र दफा १२ बमोजिमको समितिले सबैको जानकारीको लागि लाभग्राही कायम गरेको सूचना प्रकाशन गर्नेछ ।

## परिच्छेद-३

## घर निर्माण तथा लाभग्राहीको योगदान

**७. लाभग्राहीको योगदान र परिचालनः**

(१) दफा (६) बमोजिमको लाभग्राहीको सूचना प्रकाशन भए पश्चात सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिका र लाभग्राही बीच अनुसुची ३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात आवास निर्माणको व्यवस्था लाभग्राही स्वयंले मिलाउनु पर्नेछ ।यसरी आवास एकाई निर्माण तथा मर्मतको लागि आवश्यक पर्ने जस्तापाता, फलामको पाईप, फलामको रड, सिमेन्ट, इट्टा, ढुङ्गा, काठ, हुक, कब्जा, शौचालयका सामग्रीहरुका लागि गाउँपालिकाले दिने अनुदानबाट खरिद गर्न सकिनेछ ।

(३) लाभग्राही अशक्त वा आवास निर्माणको लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन आफै गर्न नसक्ने भएमा सम्बन्धित वडा कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

**८. घरको डिजाइन तथा लागत अनुमान :**

(१) कार्यालयले लाभग्राहीहरुको घर निर्माण गरिदिने प्रयोजनको लागि एकै किसिमको ढाँचाको घरको डिजाईन तयार गरी उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिजाईन तथा लागत अनुमान तयार गर्दा स्थानीय सामग्रीहरुको उपयोग हुने गरी गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पुरानो घरको मर्मत सम्भार गर्न तथा पुनर्निर्माण गर्न अनुदान दिदा उक्त घरलाई गाउँपालिकाद्वारा खटाइएको प्राविधिकको स्वीकृत डिजाइन अनुसार मर्मत गर्न लगाउनुपर्नेछ ।

(४) लाभग्राहीका लागि निर्माण गरिने घरको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

(५) उपदफा (१) र (२) बमोजिम तयार भएको लागत अनुमानमा गाउँपालिकाबाट बढीमा रु एक लाख रुपैया उपलब्ध गराउने छ ।

**९. कार्यक्रम कार्यान्वयन :**कार्यालयले लाभग्राहीको छनोट भई सकेपश्चात दफा ७ बमोजिमको लाभग्राहीसंग सम्झौता गरी निर्माण कार्य प्रारम्भ गर्न सक्नेछ ।

**१०. निर्माण सम्पन्न भएको मानिने :**

(१) सम्झौता अनुसारको काम सम्पन्न पश्चात आवास एकाइ निर्माण तथा मर्मत सम्पन्न भएको मानिनेछ ।

(२) यस दफा बमोजिम निर्माण गर्नुपर्ने अवधि सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

**११. भुक्तानी सम्बन्धी व्यवस्था :**

(१) आवास एकाई निर्माण तथा मर्मत सम्झौता भएपछि पहिलो किस्ता वापत स्वीकृत सम्झौता रकमको ५० प्रतिशत र निर्माण तथा मर्मत कार्य सम्पन्न भएपछि बाँकी रकम सम्बन्धित लाभग्राहीको खातामा बैङ्किङ प्रणाली मात्र गराइनेछ । अन्तिम किस्ता रकम भुक्तानीका लागि सम्बन्धित वडा प्राविधिक कर्मचारीको प्राविधिक प्रतिवेदन र गाउँपालिका स्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन अनिवार्य हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै लाभग्राहीले आवास एकाई निर्माण तथा मर्मत सम्झौता गरी पहिलो किस्ता वापतको रकम बुझि सम्झौता अनुरुप कार्य नगरेमा सो नगदै वा निजको घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

**(३) कार्यक्रम निर्देशक समिति :**

(१) कार्यक्रम कार्यान्वयनमा आवश्यक नीतिगत तथा कार्यान्वयन सम्बन्धी निर्णय गर्न र आवश्यक अन्य व्यवस्था गर्न गाउँपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ ।

(क) अध्यक्ष — अध्यक्ष

(ख) उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक — सदस्य

(ङ) अध्यक्षले तोकेको एकजना महिला कार्यपालिका सदस्य — सदस्य

(च) पूर्वाधार विकास तथा भवन नियमन शाखाको शाखा प्रमुख — सदस्य

(छ) योजना तथा अनुगमन शाखाको प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका सिलसिलामा गाउँपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,

(ग) लाभग्राही छनोट गर्न लाभग्राही सर्वेक्षण गराउने, पुष्टी गराउने, लाभग्राही छनोट र लाभग्राही सूची प्रकाशन गर्ने,

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रमको सञ्चालन र कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार अन्य स्थानीय तह र अन्य निजी क्षेत्रसंग समन्वय गर्ने,

(च) कार्यान्वयनको चरणमा आएका बाधा अड्काउ फुकाउने,

(छ) आवश्यकता अनुसार दण्डित गर्नुपर्ने भएमा सोको सिफारिस गर्ने,

(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पूर्वाधार निर्माणका लागि कार्यपालिकामा सिफारिस गर्ने,

(झ) वृद्ध, असहाय, एकल महिला आदि संरक्षण गर्नुपर्ने लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा कार्यपालिकाले तोकेको अन्य कार्यक्रमहरु गर्ने ।

(४) **अनुगमन सम्बन्धी व्यवस्था :** यस कार्यक्रमको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिले गर्नेछ। अनुगमन सम्बन्धी अन्य व्यवस्था अनुगमन सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

**(५) कार्यक्रम व्यवस्थापन इकाईः**

(१) कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा गर्नुपर्ने विभिन्न व्यवस्थापकीय र प्राविधिक कार्य गर्नका लागि एक कार्यक्रम व्यवस्थापन इकाई रहनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाइमा देहाय बमोजिमको सदस्य रहने छन् ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्य( सबै) - सदस्य

(ग) सम्बन्धित वडाका प्राविधिक कर्मचारी १ जना - सदस्य

(घ) वडा सचिव - सदस्य-सचिव

(३) कार्यक्रम व्यवस्थापन इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहनेछन् ।

क) सर्वेक्षण टोलीको सर्वेक्षण समेतको आधारमा आ-आफ्नो वडाका लाभग्राहीको प्राथमिकिकरण गरी गाउँपालिकामा पेश गर्ने,

ख) लाभग्राही प्राथमिकाक्रम स्पष्ट रुपमा किटान गरी पेश गर्ने,

ग) सम्झौता कार्यान्वयनमा सहयोग गर्ने,

घ) सम्झौता अनुसार काम भए नभएको नियमित अनुगमन गर्ने,

ङ) निर्देशक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**(६) निर्देशन पालन गर्नु पर्ने** : कार्यक्रम निर्देशक समितिले कार्यक्रम कार्यान्वयनका सिलसिलामा दिएको निर्देशन सम्बन्धित समिति वा कार्यालयले पालना गर्नुपर्नेछ ।

**(७) विवाद समाधान** : कार्यक्रम कार्यान्वयन गर्ने निकाय र लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भएमा कार्यक्रम निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले गर्ने निर्णय अन्तिम हुनेछ ।

**(८) फरफारक** : कुनै लाभग्राहीले कारणवश निर्माण कार्य बीचमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी फरफारक गर्न सकिनेछ ।

**(९) झुटा विवरण पेश गर्नेलाई कारवाही** : कार्यक्रमबाट लाभ लिने वा लाभ गराई दिने उद्देश्यले झुटा विवरण पेश गरी लाभ लिएको वा झुटा विवरण सिफारिस गरेको ठहर भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**(१०) अन्य निकायबाट सहयोग प्राप्त गर्न सकिने** :

**(१)** कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गैरसरकारी संस्था वा निजी क्षेत्रबाट सहयोग लिन सक्नेछ ।

**(२)** उपदफा (१) बमोजिम सहयोग प्राप्त गर्दा गैर सरकारी वा निजी संस्थासंग भए दफा १२ बमोजिमको कार्यक्रम निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय बमोजिम हुनेछ ।

**(११) दोहोरो सुविधा नपाउने** : नेपाल सरकार वा प्रदेश सरकार वा अन्य कुनै निकायबाट आवास सुविधा पाएको व्यक्तिले यस कार्यक्रमबाट आवास सुविधा पाउने छैन ।

**(१२) प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएकोमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**(१३) कार्यविधिको संशोधन र खारेजी** : गाउँ कार्यपालिकाले यस कार्यविधि र कार्यविधिको कुनै दफा संशोधन र खारेजी गर्न सक्नेछ ।

## अनुसूची -१

### (दफा ४ संग सम्बन्धित)

### लाभग्राही छनोटका आधारहरु :

| क.स. | विवरण | निर्धारित अङ्क | कैफियत |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | • ३० भन्दा कम- १०<br>• ३० देखि ६० सम्म- ५<br>• ६० भन्दा माथि-० | |
| २ | हाल जग्गा उपभोगमा रहेको घरको क्षेत्रफल, रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्ग मिटरमा | • १०० भन्दा कम -१०<br>• १०० देखी ३०० सम्म -५<br>• ३०० भन्दा माथि -० | |
| ३ | घरभित्रको भुई | • माटो — १०<br>• इटा/ढुङ्गा आदि -५<br>• सिमेन्ट — ० | |
| ४ | घरको गारो | • फुस, बाँस, निगालो, रपट, दाउरा, पराल, स्याउला, घर, चोया, झिंगटा आदि -१०<br>• मिलेको ढुङ्गा माटोको गारो, काँचो इटामा माटोले पोतेको, जस्तापाताले बारेको , काठको टुक्राले बारेको -५<br>• मिलेको ढुङ्गा वा पाकेको इटा वा सिमेन्ट ब्लकमा माटो/सिमेन्ट-० | मिश्रित गारो भएमा ५० प्रतिशत वा सो भन्दा बढी जुन प्रकृतिको गारो सोहीलाई मान्ने |
| ५ | घरको छानो | • फुस, आटवेस, स्याउला, खर, प्लाष्टिक सिट आदि-१०<br>• ढुङ्गाको छानो, टायल, जस्तापाता -५<br>• ढलान -० | मिश्रित छानो भइमा ५० प्रतिशत वा सो भन्दा बढी जुन प्रकृतिको गारो छ सोहीलाई मान्ने । |

| | | | |
|---|---|---|---|
| ६ | घर वस्तीमा साधारणतया ५ घर रहेको वा नरहेको | • भएको -१०<br>• नभएको -० | भौगोलिक रुपमा बस्ती भिरोलो जमिनमा रहेको लागु हुनेछैन । |
| ७ | जग्गाको स्वामित्व | • लालपूर्जा भएको वा स्वामित्व पाउन सकिने ऐलानी, जग्गा हकभोग गर्ने मञ्जुरीनामा भएमा -१०<br>• नदी/ताल/किनारा/पहिरोको जोखिम-० | |
| ८ | खेतीयोग्य जग्गा | • अन्यत्र जग्गा नभएको -१०<br>• अन्यत्र जग्गा भएको -० | |
| ९ | घरमुलीको हकमा | • अति विपन्न, असहाय, अशक्त, वृद्धवृद्धा, अनाथ, अपाङ्ग, बालबालिका, एकल महिला घरमुली भएको -१०<br>• अन्य-० | दलित, सिमान्तकृत र अति सिमान्तकृतको हकमा पनि यसै बमोजिम हुने । |

## अनुसूची-२

**(दफा ९ को उपदफा(४) संग सम्बन्धित )**

**आवास एकाई नमूना**

१. सहरी विकास तथा भवन निर्माण विभागको जनता आवास नमूना-१ बमोजिम ब्लकको गाह्रो वा

२. सहरी विकास तथा भवन निर्माण विभागको जनता आवास नमूना-२ बमोजिम १८ ईन्चको ढुङ्गाको गाह्रो वा

३. सहरी विकास तथा भवन निर्माण विभागको जनता आवास नमूना-३ २. नं इटा सिमन्टको ग्राहो बमोजिम हुने ।

नोट :

स्वीकृत नमूना ढाँचा यसै कार्यविधि बमोजिम संलग्न गरिएको छ ।

## अनुसूची-३

## (दफा १० को उपदफा (२) संग सम्बन्धित)

## कार्यालय र लाभग्राहीबीच आवास एकाई निर्माणको सम्बन्धमा गरिने सम्झौताको ढाँचा)

अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, म्याग्दी ( यस पछि पहिलो पक्ष भनिने) र अन्नपूर्ण गाउँपालिका वडा नं ........................ बस्ने .............................................. का नाति/नातिनि, का छोरा/बुहारी, अन्नपूर्ण गाउँपालिकाको विपन्न परिवारको लागि निजि आवास व्यवस्थापन कार्यक्रममा दर्ता भएको लाभग्राही दर्ता नं................. का श्री ........................................... (नागरिकता नं ......................................) बीच आवास एकाई निर्माण गर्ने सम्बन्धमा देहायका सर्तहरुमा मञ्जुर भई निर्माण सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

१. आवास एकाइ निर्माण स्थल : म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं .................. टोल.............................

२. उद्धेश्य : ......................... वटा आवास एकाइहरु निर्माण गर्ने।

३. कुल लागत : प्रति आवासको रु.............................

४. प्रस्तावित निर्माण सम्पन्न हुने अवधि :

क) सुरु हुने मिति :..................................

ख) पुरा हुने मिति ................................ सम्म

५. खर्च वेहोर्ने श्रोत :

(क) कार्यक्रमबाट बेहोरिने :

(ख) लाभग्राहीबाट बेहोरिने :

(१) नगद :..........................

(२) श्रम :.............................

(३) कुल रकम :...............................................

६. भुक्तानीको ढाँचा :

क) लाभग्राहीलाई सम्झौता भएपछि पहिलो किस्तावापत सम्झौता रकमको ५० प्रतिशत र कार्यसम्पन्न भए पश्चात सम्झौता बमोजिमको बाँकी रकम भुक्तानी गरिनेछ ।

ख) उपरोक्तानुसार भुक्तानीको लागि सम्बन्धित प्राविधिक कर्मचारीको प्रतिवेदन, अनुगमन समितिको प्रतिवेदन अनिवार्य रुपमा समावेश हुनुपर्नेछ ।

ग) कुनै लाभग्राहीले सम्झौता गरेर सम्झौता अनुसार कार्यसम्पन्न नगरेकोमा कार्यालयले भुक्तानी गरिनेछैन।

७. अन्य सर्तहरु :

(क) कार्यक्रमले स्वीकृत गरेको लागत अनुमान अनुसारको आवास निर्माण/पुननिर्माण गर्नुपर्ने र आवासमा लगाईने रंगरोगन पनि तोकिए बमोजिमको प्रयोग गर्नुपर्नेछ ।

(ख) निर्माण स्थलमा कुनै संरचना रहेछ र सो भत्काउनुपर्ने भएमा र सो बापत लाग्ने खर्च लाभग्राहीले बेहोर्नुपर्नेछ ।

(ग) आवास निर्माणका सन्दर्भमा कार्यालय र कार्यक्रम निर्देशक समितिले दिएको निर्देशन लाभग्राहीहरुले पालना गर्नुपर्नेछ ।

८. सम्झौता पक्षहरु :

कार्यक्रमका तर्फबाट :

प्रमुख प्रशासकीय अधिकृत

नाम :

लाभग्राहीको तर्फबाट :

नाम :

लाभग्राही नं./घर नं.

लाभग्राहीको नागरिकता नं...............

रोहवर :

इन्जिनियर/सब-इन्जिनियर

मिति :

फोटो

| दाँया | बाँया |
| --- | --- |
| | |

राजपत्रमा प्रकाशित मिति : २०८२।०८।२३ गते

आज्ञाले,

कपिल पाण्डे

प्रमुख प्रशासकीय अधिकृत